का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ माघ २०८०,
आइतबार
11 February 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३६८ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# सांसद विकास कोष ब्युँताउन दबाब

संसद सचिवालयले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम ब्युँताउनका लागि सर्वोच्च अदालतमा भ्याकेट निवेदन दिएर दबाब बढाएका बेला संसदमा समेत यो कार्यक्रमका सम्बन्धमा सांसदले आवाज उठाएका छन् ।



व्यवस्थापिका संसदले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम पास गरेको थियो । आज त्यो योजना कहाँ छ ?

**चन्द्र भण्डारी**
**नेता, नेपाली कांग्रेस**






सांसद विकास कोष संसदको विशेष अधिकार हो, अदालत बोल्न मिल्दैन । आवश्यक परे चुनावका बेला जनताले जाँच गर्छन् ।

**लक्ष्मीप्रसाद गौतम**
**कानून सहसचिव, संसद सचिवालय**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २७ माघ ।

संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम अर्थात, सांसद विकास कोष ब्युँताउन नेताहरुले दबाब दिन थालेका छन् । प्रतिनिधि सभाको बैठकमा बोल्दे सांसदहरुले सांसदलाई जनतासँग जोड्ने कार्यक्रम बन्द गर्न नहुने तर्क गर्न थालेका छन् ।

संघीय संसद सचिवालयले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम ब्युँताउनका लागि सर्वोच्च अदालतमा भ्याकेट निवेदन दिएर दबाब बढाएका बेला संसदमा समेत यो कार्यक्रमका सम्बन्धमा आवाज उठाएका हुन् ।

गत माघ २४ गते बसेको प्रतिनिधि सभाको बैठकमा नेपाली कांग्रेसका सांसद चन्द्र भण्डारीले सांसद विकास कोष कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगाएको सन्दर्भमा प्रश्न उठाए ।

'हामीले व्यवस्था गरेको संविधानअनुसार, शक्ति पृथकीकरणको सिद्धान्तअनुसार व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरेका छौं । सोहीअनुसार व्यवस्थापिका सदनले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम पास गरेको थियो । आज त्यो योजना कहाँ छ ?' उनको प्रश्न छ ।

सरकारले चालु आर्थिक वर्षमा प्रत्येक निर्वाचन क्षेत्रमा लागू हुने गरी पाँच-पाँच करोड रकम यो कार्यक्रमका लागि छुट्याएको थियो । तर, सांसदलाई विकाससँग जोड्न खोजिएको भन्दै परेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले कार्यान्वयनमा रोक लगाइदिएको छ ।

सर्वोच्च अदालतले संविधानको शब्द, भाव र मर्म समेतलाई दृष्टिगत गर्दै सांसद विकास कोषसम्बन्धी व्यवस्थाहरू तथा ती व्यवस्थाहरूका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य कार्यान्वयन नगर्न भनेको थियो । अदालतको उक्त आदेशलाई लिएर कांग्रेस सांसद भण्डारी प्रश्न उठाएका हुन् ।

'व्यवस्थापिकाको अधिकार न्यायपालिकाले प्रयोग गर्ने हो भने व्यवस्थापिका र कार्यपालिकालाई हामीले राजश्व तिरेर पाल्नुपर्ने आवश्यकता के छ ?' कांग्रेस नेता भण्डारी थप प्रश्न गर्छन्, 'व्यवस्थापिका संसदले आफ्नो अधिकार संरक्षण गर्न सक्दैन भने यसले अरुको अधिकार कसरी संरक्षण गर्न सक्छ ? यसको जवाफ हामीले कसरी दिन सक्छौं ?'

यता, संघीय संसद सचिवालयले सांसद विकास कोष ब्युँताउनका लागि सर्वोच्च अदालतमा भ्याकेट निवेदन दिएर दबाब बढाएको छ ।

संसद सचिवालयका कानून सहसचिव लक्ष्मीप्रसाद गौतमका अनुसार संसद्ले आफूले निर्णय गरेको, व्यवस्थापिकाले आफ्नो अधिकार प्रयोग गरेर बनाएको बजेटलाई न्यायपालिकाले प्रश्न उठाउन पाउँदैन भनी भ्याकेट निवेदन दिइएको छ । उनका अनुसार सांसद विकास कोषको विषयवस्तु चुनावमार्फत जनताले हेर्ने विषयवस्तु भएको र चुनावका

»» पृष्ठ २ मा

**रुसी सेनामा नेपाली**

## १४० जनाले दिए उद्धारका लागि आवेदन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ माघ ।

रुसी सेनामा रहेका नेपालीका आफन्तले सरकार गुहार्न थालेका छन् । रुसी सेनामा भर्ना भएका नेपाली नागरिकको मृत्यु र घाइते भएको सूचना सार्वजनिक हुन थालेपछि नै नेपालीका आफन्तहरुले उद्धारका लागि आग्रह गर्न थालेका हुन् ।

उद्धारका लागि आवेदन दिनेहरुको पछिल्लो संख्या १४० छ । रुसी सेनामा कति नेपाली छन् भन्ने यकिन तथ्याङ्क सरकारसँग छैन । तर, उद्धारका लागि आवेदन दिनेहरु क्रमश बढिरहेका छन् । परराष्ट्र मन्त्रालयका अनुसार रुसी सेनामा भर्ना भएका १२ जना नेपालीको मृत्यु भइसकेको छ । पाँच जना युक्रेनी सेनाको कब्जामा छन् ।

नेकपा एमालेका प्रमुख सचेतकप पदम गिरी रुसी सेनामा नेपालीलाई जान नदिने वातावरणका लागि सरकारले काम गर्न नसकेको बताउँछन् । 'रुसी सेनामा जानै रोक्नुपर्छ । गएकाहरुलाई फर्काउनुपर्छ । तर, सरकार मरेकाहरुको लास समेत ल्याउन सकिरहेको छैन यो कस्तो सरकार हो ?'

रुसी सेनामा रहँदा मारिएका र भर्ती भएर फर्किएका कतिपय नेपालीहरू सुरक्षा निकायका बहालवाला र पूर्व कर्मचारीहरू समेत रहेको बताइन्छ । नेपाल सरकारले प्रतिबन्ध लगाएको विदेशी सेनामा भर्ती हुने क्रम रोक्न नसकेको भन्दै कतिपयले सरकार र सम्बन्धित सुरक्षा निकायको ध्यानाकर्षण गराउँदै आएका छन् ।



रुसी सेनामा जानै रोक्नुपर्छ।गएकाहरुलाई फर्काउनुपर्छ । तर सरकार विदेशी सेनामा भर्ती भएर मृत्यु भएकाहरुको शवसमेत ल्याउन सकिरहेको छैन । यो कस्तो सरकार हो ?

**पदम गिरी**
**प्रमुख सचेतक, एमाले**

बेलायत र भारतबाहेक अरु देशमा नेपालबाट सैनिक भर्ना पठाउने व्यवस्था छैन । तर, फ्रान्स, रुस, अफगानिस्तान, युक्रेन लगायत देशमा नेपालीहरु सेनामा भर्ना हुन गएका विवरणहरु सार्वजनिक भएका छन् । अमेरिकामा पनि नेपालीहरु सेनामा भर्ना हुन गएका र उनीहरुले निश्चित समयपछि ग्रीनकार्ड लिएको बताइन्छ ।

गोर्खा भर्तीबारे शोध अनुसन्धान गर्दै आएका विश्लेषक झलक सुवेदी युद्धग्रस्त ठाउँमा जान नदिन वा त्यस खालको वातावरण बनाएर नेपालले आफ्ना नागरिक संरक्षण गर्न नसकेको सन्देश गएको बताउँछन् ।

बेलायतले गोर्खा सैनिकको भर्ना संख्या घटाउँदै गएको छ । भारतमा सैन्य भर्ती रोकिएको छ । यस्तो बेला नेपालीले आम्दानीका अवसर खोजिरहेको तर, सरकारले उनीहरुलाई भरपर्दो विकल्प दिन नसकेको उनीहरुको भनाइ छ । उनका अनुसार अहिले

»» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कामदारको तलब निर्धारण गर्न नेपालको प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ



आबुधाबी डायलगमा नेपालले कामदारको न्यूनतम तलब निर्धारण गर्नुपर्ने प्रस्ताव राखेको छ । संयुक्त अरब इमिरेट्स (यूएई)मा शुरु भएको आबुधाबी डायलगअन्तर्गत उच्च श्रम अधिकारीहरुको बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजीव पोखरेलले उक्त प्रस्ताव राखेका हुन् । यूएईको अबुधाबीमा शनिबारदेखि शुरु भएको डायलगमा कामदार पठाउने र लिने २१ देशका श्रममन्त्री र उच्च सरकारी अधिकारीहरुको सहभागिता रहेको छ । शनिबार नेपालको तर्फबाट दृष्टिकोण राखेका श्रम मन्त्रालयका सहसचिव पोखरेलले रोजगारदाता देशहरुले कामदारको न्यूनतम तलब निर्धारण गर्नुपर्ने प्रस्ताव राखेका हुन् ।

यसका अतिरिक्त सहसचिव पोखरेलले गन्तव्य देशहरुले न्यायोचित भर्ना, कार्यस्थलमा कामदारको स्वास्थ्य सुरक्षाको सुनिश्चितता र एकै प्रकृतिको करारपत्रलाई कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिएका छन् ।

हाल खाडी मुलुक अन्तर्गत यूएई, साउदी अरेबिया, कुवेत, बहराइन, ओमान र कतारमा नेपाली कामदार जाने गरेको भएपनि कतारले मात्रै कामदारको न्यूनतम तलब निर्धारण गरेको छ । अबुधाबी डायलगअन्तर्गत आइतबार मन्त्रीस्तरीय बैठक हुँदैछ । उक्त बैठकमा कामदारको तलब तथा अन्य सुरक्षा, रेमिट्यान्सको आप्रवाह तथा प्रयोग, सीपयुक्त जनशक्ति उत्पादनमा साझेदारी र न्यायोचित भर्नाको अभ्यासमाथि छलफल हुने बताइएको छ । बैठकमा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको नेतृत्वमा ५ सदस्यीय टोली यूएईमा रहेको छ ।

## चिनीमा सिन्डिकेट

सरकारी चिनी नआउँदा चिनी उद्योगीको सिन्डिकेट बढेको छ । तर नियन्त्रणमा सरकारले ध्यान दिएको छैन । परिणाममा लागत मूल्य ८५ रहेको चिनी शहरी क्षेत्रमा १०० रुपैयाँमा बिक्री भइराखेको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २७ माघ ।



चिनी उद्योगमा सिन्डिकेट रहेको भन्दै उद्योग वाणिज्य तथा आपूर्तिमन्त्रालयका उजुरी परेको छ । चिनी उद्योगीहरूको सिन्डिकेट नियन्त्रणको माग गर्दै राष्ट्रिय उपभोक्ता मञ्चले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललाई ज्ञापनपत्र बुझाएका छन् ।

चिनीको उत्पादनमा निश्चित उत्पादकहरूले सिण्डिकेट र कार्टेलिंग गर्दै लागत मूल्य ८५ मात्र हुँदा पनि थोकमै ९३ रुपैयाँ प्रति किलोमा बिक्री गर्ने गरेको र उपभोक्ताले खरिद गर्दा सहरी क्षेत्रमा १०० रुपैयाँ हुन पुगेको बताइन्छ ।

साल्ट ट्रेडिंग कर्पोरेशनले खरिद गरी भण्डारण गरे बापत कम्पनीको लागत मूल्य बराबरको रकममा लाग्ने बैंक व्याज अनुदान स्वरूप नेपाल सरकारले दिने व्यवस्था गरी दिएमा उद्योगीहरूको गैर कानूनी सिण्डिकेटं तोडिनुको साथै मूल्यमा समेत स्थिरता आई उपभोक्तालाई राहत मिल्ने मञ्चको ठहर छ ।

किसानले उत्पादन गरेको उखु चिनी मिलमा धमाधम क्रसिङ भइरहँदा सस्तोमा पाएपछि किसानको बारीमै पुगेर ठेकेदारले उखु किनेका छन् । तर उद्योगीले क्रसिङकै सिजनमा बिक्री बन्द भन्दै फ्याक्ट्री मूल्य बढाउन चलखेल समेत गरेका छन् । सर्लाही, मोरङ, सिरहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी, कैलाली, कञ्चनपुरलगायत जिल्लामा उखु खेती गरिन्छ । यस वर्ष मंसिरदेखि क्रसिङ सुरु भएको थियो ।

व्यावसायीहरुका अनुसार धमाधाम क्रसिङ भइराखेको अवस्थामा मूल्य बढाउनुपर्ने कारण नै छैा । यसतो बेला मूल्य नियन्त्रणमा सरकार अग्रसर हुनुपर्ने हो तर ऊ पनि उद्योगीकै पक्षमा रहेको र मूल्य बढाउँदा मौन बसेको बताइन्छ । चिनी अभाव हुँदा मूल्य बढ्नु स्वाभाविक भए पनि क्रसिङकै समयमा मूल्यवृद्धि गैरजिम्मेवारीको पराकाष्ठा भएको र ठगी भएको उनीहरु बताउँछन् । यसले चिनीको उद्योगीरू सर्वसाधारण ठग्न, कमाउन मात्रै केन्द्रित भएको देखाएको व्यावसायीरु टिप्पणी गर्छन् ।

अभाव हुने समस्यालाई दृष्टिगत गरी अर्थ मन्त्रालयले गत भदौमा ५० प्रतिशत भन्सार दर छुटमा चिनी ल्याउन अनुमति दिएको थियो । चाडबाडलाई लक्ष्य गर्दै २ हजार टन चिनी आयात गर्ने निर्णय भएको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले ६० हजार टनको प्रस्तावमा अर्थ मन्त्रालयले

»» पृष्ठ २ मा

# जिल्लामै पहिलो मुस्लिम स्टाफ नर्स अप्सरा

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २७ माघ

अर्घाखाँची जिल्लामा सरकारी जागिर गर्ने पहिलो मुस्लिम महिला बनेकी छिन अप्सरा अलि । बाल्यकालदेखि नै पढाईमा निकै मिहिनेती अलिले लोक सेवा आयोगले लिएको परीक्षा पास गरेर स्टाफ नर्समा नाम निकाल्न सफल भएकी छिन् । मुस्लिम समुदायका व्यक्तिहरु व्यापार व्यवसायमा मात्र तल्लिन हुन्छन् भन्ने कुरालाई चिर्दै अलि जिल्लामै उदाहरण बनेकी छन् । मुस्लिम अगुवाहरुका अनुसार उनी मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने जिल्लाकै पहिलो एक मात्र स्टाफ नर्स हुन् ।

अहिले उनी तलबी बिदामा पूर्ण छात्रवृत्ति कोटामा महाराजगञ्ज नर्सिङ क्याम्पस टिचिङ अस्पताल काठमाडौंमा बि.एन.एस अध्ययनरत रहेकी



छन् । अहिले अध्ययन गर्ने उनको अन्तिम वर्ष चलिरहेको छ । अफ्सराले सन्धिखर्कको जनज्योति माध्यमिक विद्यालयबाट २०६६ सालमा ७८ प्रतिशत अंक ल्याएर एसएलसी उत्तिर्ण गरेकी थिइन् ।

लुम्बिनी हस्पिटल एण्ड टेक्नोलोजी कलेजबाट पूर्ण छात्रवृत्तिमा ९२ प्रतिशत अंक लिएर प्रथम हुँदै उनले स्टाफ नर्स उत्तीर्ण गरेकी हुन् । २०७३ सालमा लोक सेवाले लिएको परीक्षामा खुल्ला रूपमा प्रतिस्पर्धा गर्दै पहिलो नम्बरमा उनको नाम निक्लियो । जागिरको सिलसिलामा कपिलवस्तु, रुपन्देही, गुल्मी हुँदै हाल उनी आफ्नै गृह जिल्ला अर्घाखाँचीमा कार्यरत रहेकी छन् ।

पहाडी भेगका मुस्लिम समुदायहरु परापूर्वकालदेखि नै व्यापार व्यवसायमा जोडिएको उनले सुनाइन् । 'हाम्रो घरपरिवार पनि शुरुदेखिनै खेती किसानी गर्दै बुवाहरुको पालामा आइपुग्दा व्यापारमा जोडिनुभएको छ' उनले भनिन्, 'पढेर जागिर खानुपर्छ भन्ने मान्यता हाम्रो समुदायमा खासै देखिँदैन्, तर मलाई सरकारी सेवाप्रति नै लगाव भयो ।'

पछिल्ला नयाँ पुस्ताले भने सरकारी सेवाप्रति विस्तारै रुची राख्न थालेको उनले सुनाइन् । उनले आफ्ना साथीसंगीहरुलाई पनि सरकारी सेवामार्फत नागरिकको सेवामा लाग्न अग्रसर हुनुपर्नेमा सुझाव दिइन् ।

# सूचना माग्दा पत्रकारमाथि दुर्व्यवहार

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ माघ

प्रादेशिक अस्पताल गौर सुधारका लागि पटक-पटक आवाज उठ्दै आएको छ । ठूलो अस्पतालको रूपमा रहेको प्रादेशिक अस्पताल गौरमा राजनीतिले गाँजेको छ । जसका कारण गरिव, निमुखा, मध्य वर्गका बिरामीहरूले सेवा सुविधा पाएका छैनन् भने उनीहरु निजी अस्पतालहरूमा मोटो रकम तिरेर उपचार गर्न बाध्य भएका छन् । विगत ६ महिनादेखि राजनीति र व्यक्तिगत स्वार्थ सिद्ध गर्न मेसु विवादले प्रादेशिक अस्पताल गौर अहिले गाउँ-घरको आधारभूत अस्पताल भन्दा खराब अवस्थामा पुगेको छ ।

दक्ष डाक्टर, कर्मचारी भएपनि राम्रोसँग व्यवस्थापन हुन सकेको छैन । स्वास्थ्यकर्मीहरूले आफ्नो कामकाज बन्द गर्ने पटक-पटक सूचना आह्वान गर्दै आएका छन् । नेपाल सरकारले तोकेर पठाएको औषधी अस्पतालमा नपाएर बाहिरको पसलबाट बिरामीहरू खरिद गर्न बाध्य भएका छन् । दर्जनभन्दा बढी समस्या अहिले अस्पतालमा देखापरेका छन् । पत्रकार मात्र नभइ जिल्लाको नागरिक समेत रहेका मेवालाल यादव माघ २६ गते ६ बुँदे मागसहित अस्पतालमा पुगेका थिए । सूचनाको हक अन्तर्गत माग दर्ता गराउन अस्पताल पुग्दा उक्त माग दर्ता हुन सकेन । यादवलाई अस्पताल प्रशासनबाट गाली बेइज्जती, दुर्व्यवहार र कुटपिट समेत भयो ।

अस्पताल सञ्चालक समितिका अध्यक्ष मोहम्मद अनवर हास्मीले कुटपिटका साथै दुर्व्यवहार गरे । उनका साथमा मेसु डा. मुरारी ठाकुर लगायत अन्य कर्मचारीहरू समेतले यादवलाई धम्की दिए । दुर्व्यवहारमा परेका पत्रकार यादवले अस्पतालले जनताको स्वास्थ्यमाथि खेलवाड गरेको भन्दै सम्पूर्ण जिल्लाबासीलाई ध्यानाकर्षण गराएका छन् ।

# Invitation for Bids
# Letang Municipality, Morang

## Invitation for Bids No.: LM/MOR/NCB/W/04/80-81

**Date of publication: 11-02-2024 00:00**

1. Letang Municipality, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of Overlaying asphalt concrete under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 99,65,611.73 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Letang Municipality, Morang, Koshi Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank Ltd.**
   **Name of Office : Letang Municipality**
   **Office Account no : 2450100301010002**
   **Bid Document Cost : NRs. 3000**
4. Pre-bid meeting shall be held at Letang Municipality, Morang Koshi Pradesh Nepal at 03-03-2024 11:00 hours.
5. Electronic bids must be submitted to the office Letang Municipality, Morang, Letang, Morang, Morang, Koshi Pradesh, Nepalby hand/ courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 12-03-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12-03-2024 13:00 at the office of Letang Municipality, Morang Koshi Pradesh Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 2,88,000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# नेपाली जनसम्पर्क समिति क्यानडाले दोस्रो विश्व प्रशिक्षण आयोजना गर्ने

**बसन्त कार्की/मध्यान्ह**
क्यानडा, २७ माघ

नेपाली कांग्रेस निकट नेपाली जनसम्पर्क समिति क्यानडाले दोस्रो विश्व प्रशिक्षण आयोजना गर्ने भएको छ । आगामी जुलाई २८ र २९ मा हुने प्रशिक्षणमा विश्व भरिका जनसम्पर्क समितिले पनि सहभागिता जनाउने भएका छन् ।

कार्यक्रमलाई सफल बनाउन प्रमुख अतिथि तोक्नुका साथै पार्टीका विभिन्न तहका कमिटीलाई पत्राचार गर्ने निर्णय भएको नेपाली जनसम्पर्क समिति क्यानाडाका सभापति बुद्धिप्रकाश वलीले विज्ञप्ति



जारी गर्दै जानकारी दिएका छन् ।

'नेपाली जनसम्पर्क समिति क्यानाडाको कार्यसमितिले पछिल्लो समयमा युवाहरुको विदेशमा बढोत्तरी संख्यालाई र देशको राजनीतिक घटनालाई मध्यनजर गरी नेपाली कांग्रेसप्रति सकारात्मक धारणा र पार्टीको संगठन मजबुत गराउने उद्देश्य राखेर नेपाली जनसम्पर्क समिति क्यानाडाले दोस्रो विश्व प्रशिक्षण कार्यक्रम गर्ने निर्णय गरेको छ,' वलीले भने ।

त्यस्तै जनसम्पर्क समितिले आफ्नो विधानमा हेरफेर गर्ने भएको छ । समितिले विधान परिमार्जनका लागि २८ जुलाईमा विधान सम्मेलन गर्ने भएको छ । विधान सम्मेलनका लागि केन्द्रीय प्रतिनिधि पठाइदिन समितिले कांग्रेस केन्द्रीय कार्यलयमा पत्राचार समेत गरेको छ । पहिलो विश्व प्रशिक्षण नेपाली जनसम्पर्क समिति डेनमार्कले सम्पन्न गरेका थियो ।

# जनयुद्ध दिवसको दिन बाँफिकोट गाउँपालिकाले सार्वजनिक बिदा दिने




**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २७ माघ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाले जनयुद्ध दिवसको दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । सर्वोच्च अदालतले जनयुद्ध दिवसको दिन सार्वजनिक बिदा दिने संघीय सरकारको निर्णय बदर गरेपनि बाँफिकोट गाउँपालिकाले भने बिदा दिने निर्णय गरेको हो ।

गाउँपालिकाको ३०औं कार्यपालिकाको बैठकले फागुन १ गते जनयुद्ध दिवसको अवसरमा बाँफिकोट गाउँपालिकाका सरकारी, गैरसरकारी तथा सामुदायिक विद्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको गाउँपालिकाका प्रवक्ता जोखबहादुर चन्दले जानकारी दिए ।

कार्यापालिका बैठक गाउँपालिकाकी कार्यबाहक अध्यक्ष तारा बुढा केसीको अध्यक्षतामा सम्पन्न भएको हो ।

## सांसद...

बेला जनताले जाँच गर्छन भन्ने लाइनमा निवेदन परेको छ । यो संसद्को विशेष अधिकार भएकोले अदालतले बोल्न मिल्दैन जिकिर गरिएको छ ।

गत भदौ ६ गते प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठ, न्यायाधीशहरू ईश्वर खतिवडा, अनिल सिन्हा, आनन्दमोहन भट्टराई, र प्रकाशसिंह राउतको संवैधानिक इजलासले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको बजेट खर्च नगर्न अन्तरिम आदेश दिएको थियो ।

उक्त आदेशविरुद्ध संघीय संसद सचिवालयले भ्याकेट निवेदन दिएको हो । संसद सचिवालयले गत माघको पहिलो साता सर्वोच्च अदालतमा यससम्बन्धी निवेदन दर्ता गराएको थियो ।

## रूसी...

जे जसरी युवाहरु रुस युक्रेन लगायत देशमा सैनिक भएर गइरहेका छन् यसले सरकार उनीहरुका लागि केही पनि सक्षम छैन भन्ने दृष्टान्त पेश गरेको छ । यसलाई रोक्न अब सरकारले युद्धको जोखिमग्रस्त क्षेत्रमा गएकाहरुको सही तथ्यांक, सम्भावित मृतक घाइते बेपत्ता आदिबारे अध्ययन गर्नुपर्छ । र आगामी दिनमा के गर्ने, के नगर्ने भन्ने कुरा स्पष्ट योजना बनाएर अगाडि बढ्नुपर्छ ।

## चिनीमा...

२० हजारको स्वीकृति दिएको थियो । अर्थले स्वीकृत गरेको परिमाणमध्ये साल्ट ट्रेडिङ कर्पोरेसनले १० हजार र खाद्य व्यवस्था तथा व्यापार कम्पनीले १० हजार टन आयात गर्ने निर्णय भएको थियो । तर, भन्सार छुटको चिनी आयात भएन । त्यसपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय जीटूजीमा लागेको थियो ।

जीटूजीबाट तिहारअघि नै चिनी ल्याउने दाबी गरिएको थियो । तर, माघ सकिन लाग्दा पनि आएको छैन । भारतले गत कात्तिक १६ मा २५ हजार टन चिनी दिने भने पनि खाद्य र साल्टले ल्याउन सकेनन् । २५ हजार टनमध्ये सुरुमा १०/१० हजार टनका दरले खाद्य र साल्टलाई चिनी ल्याउन अनुमति दिइएको थियो । जीटूजीबाट ल्याउने चिनीमा पनि ५० प्रतिशत भन्सारदर छुट थियो ।

व्यावसायीहरुका अनुसार सरकारी चिनी नआउँदा चिनी उद्योगीको सिन्डिकेट बढेको छ । तर पनि नियन्त्रणमा सरकारले ध्यान दिएको छैन ।


## साउदीमा रोजगार |

कम्पनी: REHAL AL-SHARQ LOGISTIC SERVICES CO.
शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८०/१०/२५ | चलानी नं.: ६०२१४६५२ | L.T. No.: 299644

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 5 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: REHAL AL-SHARQ LOGISTIC SERVICES CO. शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८०/१०/२५ | चलानी नं.: ६०२१४६५३ | L.T. No.: 299643

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HELPER WORKER | 1 | 0 | स. काममा दक्ष | 1700 | ६०,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ७ गते (19 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

PMS
श्रम इजाजत नं. ४३१/०६०/०६१

**Professional Manpower Services Pvt. Ltd.**
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np



## QATAR मा रोजगार |

कम्पनी: GURNOOR CLEANING & HOSPITALITY SERVICES WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ | चलानी नं.: ६०२१४६५१ | LT. No.: 299772

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 2 | 0 | | 1200 | ४३,६२० | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1200 | ४३,६२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1394/074/075

**K.S.B. International Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933, Mo. 9866241297
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net


# Ratuwamai Municipality
# Office of Municipal Executive
**Sijuwa, Morang**
**Koshi Province, Nepal**

## Invitation for Electronic Bids

**First Date of Publication : 2080/10/28**

1. Ratuwamai Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction works mentioned below under National Competitive Bidding Procedures.

| S.N | Contract Name/Contract ID | Estimated Amount (NRs) | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|
| 1. | Blacktop of Kadupada Leti Sadak (Rmun/NCB /Works/11/2080/81 | 19,94,819.63 (Exclusive of VAT & Contingencies) | 3,000.00 | 60,000.00 | Submission Deadline 2080/11/30 12:00 Noon Opening Date 2080/11/30 13:00 Noon |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : Nepal Investment Mega Bank Ltd.<br>Account Name : Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata<br>Account Number : 09701400000093 | Name of Bank : Nepal Investment Mega Bank Ltd.<br>Account Name : Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata<br>Account Number : 09701400000031 |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०३/०७ मा दर्ता भएको **प्रा.लि.नं. १५१२४० को पुष्पा ह्यान्डिक्राफ्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# जहाज कुर्दै डोल्पाको मसिनेचौर विमानस्थल

**पूर्ण कुमार/मध्यान्ह**
डोल्पा, २७ माघ



हिमाली जिल्ला डोल्पाको मसिनेचौर विमानस्थल अहिले ओझेलमा छ। निर्माण कार्य सम्पन्न भएको वर्षौं बितिसक्दा पनि विमानस्थलले जहाज देख्न पाएको छैन। विमानस्थल सञ्चालनमा नआउँदा अहिले पशुपन्छीको चरिचरन समेत बन्दै गइरहेको छ। विमानस्थलका भौतिक संरचना समेत भत्किन थालेका छन्।

वि.सं.२०६८ सालमा निर्माण गरिएको उक्त विमानस्थलको २०७२ मा कालोपत्रे गरिएको थियो। ५६२ मिटर लम्बाई धावनमार्ग रहेको विमानस्थलमा पूर्वाधार निर्माणको सबै काम सम्पन्न भइसकेको छ। विमानस्थलको निर्माण कार्य सम्पन्न भएको ८ वर्ष भइ सक्दा पनि अहिलेसम्म परीक्षण उडान समेत गरिएको छैन।

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाको पहाडमा २०६६ सालदेखि विमानस्थलको निर्माण कार्य शुरु गरिएको थियो। २०६८ मा निर्माण सम्पन्न भइ २०७२ मा कालोपत्रे गरिएको हो। विमानस्थल कालोपत्रे गर्ने ठेक्का समेत डोल्पादेखि पटक-पटक संघीय सांसद बनेका धन बहादुर बुढाको कम्पनीले पायो। जिल्लाकै सांसदले विमानस्थल निर्माणको जिम्मा पाउँदा खुसी भएका स्थानीय अहिले भने दुखित छन्।

आफ्नै निर्माण कम्पनीले बनाएको विमानस्थलको लागि सांसद बुढाले न त सांसद भवनभित्र कहिले आवाज उठाएका छन्, नत कहिलै परीक्षण उडान गराउन प्रयास नै गरेका छन्। विमानस्थललाई सञ्चालनमा ल्याउन सांसद बूढाले खासै चासो नगरेको बुझ्न सकिन्छ।

बरु यता डोल्पाबाट निर्वाचित कर्णाली प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वीरबहादुर शाही भने विमानस्थल सञ्चालनमा निरन्तर लागि परिरहेका छन्। सरकारले पटक-पटक उडान परीक्षण स्थगित गरेर नागरिकलाई दुविधामा पारेको उनले बताए।

विभिन्न समयमा सरकारलाई आफूहरूले दवाब दिइरहेको भन्दै उनले सरकारले आफूहरूको माग सुनुवाइ नगरेको जानकारी दिए।

उनले भने, 'सरकारले धेरै पटक विमानस्थलको परीक्षण उडानको मिति नै सारेको छ। नागरिकलाई निराश पार्ने काम सरकारको तर्फबाट भएको छ।

# कुरान शिरिफ वाचन प्रतियोगिता शुरु

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, २७ माघ




मुस्लिम आयोगको आयोजनामा काठमाडौंमा कुरान शिरिफ वाचन प्रतियोगिता शुरु भएको छ। प्रतियोगितामा देशभरका मुस्लिम मदरसाका विद्यार्थीहरु सहभागी भएका छन्।

प्रतियोगीहरुमा मुस्लिम समुदायको महत्वपूर्ण कुरान वाचन गरेर सुनाइएको छ।

कार्यक्रमको सञ्चालन गर्दै मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले पहिलो चरणमा पुरुष विद्यार्थीहरुको प्रतिस्पर्धा रहेको र जसमा ४७ प्रतिस्पर्धीले सहभागिता जनाएका बताए। शनिबार चौथो टोलीको प्रतियोगिता शुरु भएको छ। प्रतियोगितामा एक सय मुस्लिम छात्राहरुले दरखास्त दिएकोमा उमेर नपुगेको कारण ७७ जना मात्र छनोट भएका छन्।


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAILS STYLE BEAUTY CENTER LLC BRANCH 1 — शहर: UAE
पुर्व स्वीकृत मितिः २०८०/१०/२६ — चलानी नं.: ६०२१४६३७ — L.T. No.: 299707

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairdresser | 0 | 5 | | 1500 | ५४,१३५ | | | | | | | |
| 3. | Hairstylist | 0 | 1 | | 1500 | ५४,१३५ | | | | | | | |
| 4. | Manicurist | 0 | 8 | | 1500 | ५४,१३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.**
SUN HILLS
Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ०१-५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile : 9851343472 ,9813737367, 9851343372

## UAE मा रोजगारको अवसर

कम्पनी : ROYAL KEITA CATERING LLC — शहर: DUBAI
पुर्व स्वीकृत मितिः २०८०/१०/२६ — चलानी नं.: ६०२१४६१९ — LT. No.: 299688

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 20 | 20 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stewarding | 10 | 0 | | 900 | ३२,४५४ | | | | | | | |

मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ।
मेनपावर शाखा कार्यालय, बुटवलमा मिति २०८० फागुन ७ गते (19 February 2024) मा हुनेछ।
मेनपावर शाखा कार्यालय, सुनसरीमा मिति २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ।
मेनपावर शाखा कार्यालय, पोखरामा मिति २०८० फागुन ९ गते (21 February 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
*Drop your CV at Poc@lifelineoverseas.com*
Mobile No: 9851017534 | 9851180954 | 9849808208 | 9861538743
Butawal 071-591088 | 9851002976 | Itahari: 025-581010 | 9852022500 |
Pokhara : 061-573779 | 98039067585


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/१०/२८ को मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले ओभरड्राफ्ट सुविधा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

| क.स | कर्जा शिर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | ओभरड्राफ्ट सुविधा | **ऋणीको नामः निरभाना इन्टरप्राइजेज**<br>(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको)<br>दर्ता नं.: ५४२/०७०/०७१<br>दर्ता मितिः २०७०/०८/२६<br>स्थायी लेखा नं.: ३०४८१५७९१<br>ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ६।<br>**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**<br>**नरेन्द्र पाठक**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>११३९ (२०५२/०२/३०/चितवन)<br>बाजेको नामः प्रेमनाथ पाठक<br>बाबुको नामः हिरा लाल पाठक<br>ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ६।<br>**व्यक्तिगत जमानतकर्ताहरुः**<br>**१. सरिता बर्तौला**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>२०३१/०६० (२०६०/०८/०७/चितवन)<br>बाबुको नामः राम कुमार बर्तौला<br>ससुराको नामः हिरा लाल पाठक<br>पतिको नामः नरेन्द्र पाठक<br>ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ६।<br>**२. श्याम प्रसाद पाठक**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>२११९/२२१ (२०४५/०२/१३/चितवन)<br>बाजेको नामः प्रेम नाथ पाठक<br>बाबुको नामः हिरा लाल पाठक<br>ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ६।<br>**३. जमुना पाठक**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>२२९६/०६१ (२०६१/११/०६/चितवन)<br>बाबुको नामः तारानाथ सुवेदी<br>ससुराको नामः हिरा लाल पाठक<br>पतिको नामः श्याम प्रसाद पाठक<br>ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी.न.पा., वडा नं. ६।<br>**४. हिरा लाल पाठक**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१११४९ (२०३४/०१/२०/चितवन)<br>बाजेको नामः नन्द लाल पाठक<br>बाबुको नामः प्रेम नाथ पाठक<br>ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ६।<br>**५. बिन्दा कुमारी पाठक**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>२४३९ (२०४३/१०/०२/चितवन)<br>ससुराको नामः प्रेम नाथ पाठक<br>पतिको नामः हिरा लाल पाठक<br>ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ६। | १. नन्द लाल पाठक को नाति, प्रेम नाथ पाठक को छोरा, चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ६ बस्ने **हिरा लाल पाठक**को नाममा मालपोत कार्यालय भरतपुर, चितवन को लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स/न.पा., वडा नं. ८/ख स्थित कि.नं. ४३६, ५७५, ४३४ र ५७६ को क्षेत्रफल क्रमशः ४२.३३, २१.१६, १०१.५७ र ९७.३६ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।<br><br>२. प्रेम नाथ पाठक को बुहारी, हिरा लाल पाठक को पत्नी, चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ६ बस्ने **बिन्दा कुमारी पाठक**को नाममा मालपोत कार्यालय भरतपुर, चितवन को लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स/न.पा., वडा नं. ८/ख स्थित कि.नं. ४३३, १७, ४३५ र २७२ को क्षेत्रफल क्रमशः ०-०-२, ०-०-१३, ०-०-२½ र ०-०-७-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।<br><br>३. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान चल/अचल सम्पति तथा आय प्राप्ति। |

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

**Sudurpashchim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
## Infrastructure Development Office
**Dadeldhura**

### Invitation for Bids

**(Date of Publication: 2080/10/28)**

Infrastructure Development Office, Dadeldhura invites Electronic Bids for the Road Projects given in the table below. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

| S. No. | Contract ID | Description of Work | Estimated Amount (NRs.) |
|---|---|---|---|
| 1 | IDO/DDL/ NCB/W/080/081-01 | Samuhagad-Napani-Mannakapadi Road (Chainage 5+000 ahead), Shikhar Na.Pa., Doti | 96,59,370.08 |
| 2 | IDO/DDL/ NCB/W/080/081-02 | Construction of Amargadhi Tallo Silingdhara Road, Amargadhi Municipality-05, Dadeldhura | 57,95,712.01 |
| 3 | IDO/DDL/ NCB/W/080/081-03 | Danim-Talkot-Eslek Road, Nabdurga-05, Dadeldhura | 38,63,665.54 |
| 4 | IDO/DDL/ NCB/W/080/081-04 | Bagarkot-Bogata-Lamikade-Rupal Road, Dadeldhura | 48,30,212.77 |
| 5 | IDO/DDL/ NCB/W/080/081-05 | Sahukharka-Unikot Road, Aalital, Dadeldhura | 38,63,111.96 |

## Invitation for Sealed Quotation

### Apihimal Rural Municipality
**Office Of The Rural Municipal Executive**
**Khandeshwori, Darchula**
**Sudurpaschim Province, Nepal**

**Sealed Quotation No:01/2080-081/CCSC/SQ/AHRM**

**Date of Publication : 11-02-2024**

1. The Api Himal Rural Municipality, Darchula invites sealed quotations from registered contractors for the construction of construction of cold store chamber.
2. The Estimated amount for the works is(in NRs.): 1,539,556.53 (Exclusive of VAT and +Contingencies).
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Api Himal Rural Municipality, Darchula at Khandeshwori, Darchula Darchula Khandeswori or by reaching out to them at Telephone 9848395812 or by dropping a mail at chiranjibeethekare@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs. Or Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below: Name of the Bank: Machhapuchchhre Bank Ltd. Name of the Office: Api Himal Rural Municipality, Darchula Office Code no: 801077303 Office Account no: 098007596280016 Rajaswa (revenue) Shirshak no: 14229.
5. Sealed bids must be submitted to through e-GP system i.e www.bopatra.gov.np/egp on or before 26- 02-2024 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 26-02-2024 13:00 hours at the office of Api Himal Rural Municipality, Darchula, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.40000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. — Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# आर्कषक खेल अनिश्चित भविष्य

शनिबार त्रिवि क्रिकेट मैदान कीर्तिपुर दर्शकले भरिएका थिए । खेल थियो, क्यानडाविरूद्ध एक दिवसीय क्रिकेट । नेपाल भ्रमणमा आएका क्यानडासँगको तीन दिवसीय यो सिरिज ठूलो प्रतियोगिता होइन । तर लिग टु सुरू हुनु अघि भएको यो प्रतियोगिता नेपाली क्रिकेटरलाई तयारीको अवसर थियो । त्यसैले क्रिकेटरहरूले चासोका साथ लिनु स्वभाविक भएपनि दर्शकको ठूलो उपस्थितिले क्रिकेटप्रति नेपाली युवाहरूमा रहेको क्रेज प्रष्ट पार्थ्यो । सार्वजनिक विदाको दिन खेल परेकाले दर्शक मैदानमा ओइरिएका थिए । तर कीर्तिपुर जस्तो क्रेज दशरथ रंगशालामा थिएन । जबकी नेपाली टीमले त्रिपुरेश्वरमा चीनविरूद्ध मैत्रीपूर्ण खेल खेले । यी दुई उदाहरणले क्रिकेट र फुटबलबीच नेपालहरूमा रहेको क्रेजको भिन्नता अनुमान लगाउन सकिन्छ ।

यसको अर्थ फुटबलमा दर्शक नहुने होइन । केही समयअघि सम्पन्न नेपाल सुपर लिग र पोखरामा सम्पन्न आहारारा फुटबलमा ठूलै संख्यामा दर्शक देखिएका थिए । त्यसैपनि हिउँदको सिजनलाई खेलमय बनाउनु नेपालीहरूको परम्परा नै हो । देशले ठूलो लिगलाई आकर्षक बनाउन नसक्दा पनि मोफसल सधैं खेलमय हुने गर्छ । विभिन्न शहर र पहाडी क्षेत्रहरूमा समेत फुटबल, भलिबल र क्रिकेट प्रतियोगिता गरेर हिउँदलाई खेलमय बनाइनु पुरानै परम्परा हो । तर खेलकै क्षेत्रबाट मुलुकले अन्तर्राष्ट्रिय परिचय फराकिलो बनाउन सकेको छैन । संसारमै ठूलो आकर्षण रहेको फुटबल नेपालमा निराश हुने अवस्था छ । केही दिन अगाडि मात्रै राष्ट्रिय टीममा गजब प्रदर्शन गरिरहेका आशिष चौधरी, सेसेहाङ आङदम्बे, सीमान्त थापा र अनिष देउलाले देश छोडे । यसरी देश छोड्ने फुटबलरको संख्या कहाली लाग्दो छ । त्यसको असर राष्ट्रिय फुटबलमा परिरहेको छ ।

तर अभावकै बीच क्रिकेटले सनसनीपूर्ण अन्तर्राष्ट्रिय प्रदर्शन गरिरहेको छ । सामान्य खेलमा पनि दर्शकको आइरो लाग्नुले पनि नेपालमा अहिले क्रिकेट गजबको आकर्षण बनिरहेकै पुष्टि हुन्छ । तर विडम्बना ! अहिलेसम्म नेपालमा एउटा पनि रंगशाला बन्न सकेको छैन । अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदै आएको कीर्तिपुर त्रिविको मैदान हो, जहाँ दुखसुख खेलहरू भइरहेको छ । अरू मैदान कामचलाउ छन् । खेलाडीहरूको भविष्य सुरक्षित गर्न सरकारले सकेको छैन । जसले अहिले आकर्षक बनिरहेको क्रिकेट आगामी दिनमा फुटबलकै हालतमा नपुग्ला भन्न सकिदैन । तसर्थ युवाहरूको मत जित्न ठूला कुरा समेटेर भाषण गर्ने नेतृत्वले यसतर्फ आवश्यक ध्यान दिन जरूरी छ ।

# सनातनीहरूले सिकाएको पाठ

*अहिले विश्वभरि सनातन मान्यताको प्रचार प्रसार तिव्र छ, संस्कृत भाषा लगभग सबै विकसित देशका विश्वविद्यालयमा पढाइन्छ, योग, ध्यान अनि साधना सबै देशमा अभ्यास गरिन्छ, सिकाइन्छ ।*


अग्रलेख



● भीम उपाध्याय

सनातनी धर्म संकटमा पर्दै गएको छैन बरू सनातनी धर्म पद्धतिका अनेक नयाँ-नयाँ पन्थहरू विश्वमा तिव्र रफ्तारमा विस्तार हुँदैछन् । यस विपरित अन्य धर्म मान्ने विकसित देशहरूमा त्यसको संख्या निरन्तर घट्दै गएको छ । विश्वमा सनातनी धर्म संकटमा छैन, बरू कतै नेपालमा अरू अल्पसंख्यक धर्मावलम्बीहरू वा पन्थहरू संकटमा नपरून् भन्ने चिन्ता भने गर्नुपर्छ ।

आजसम्म नेपालमा अरू धर्म र पन्थहरू पूर्ण रक्षित एवम् सुरक्षित हुनुको मूल कारण नै यहाँका सनातनी धर्मालम्बीको भूमिका हो । अरूको सुरक्षा पनि चट्टानी मजबुत सनातनीले नै गरिदिएकाले हो । त्यसैले सनातनी पद्धतीलाई सुरक्षित गराउँदै लगेमा अरू धर्ममा कुनै संकट हुँदैन भन्ने भावना जगाएर आफू सुरक्षित हुने गरी अरू धर्मावलम्बीहरू पनि लाग्नु बुद्धिमानी हुन्छ ।



नेपालमा कहिल्यै कुनै पनि सनातनी धर्मावलम्बीहरू संकटमा थिएनन् । तर अहिले केही खराब तत्वहरू यसलाई राजनीतिक रंग दिएर समाज भाँड्न चाहेका देखिन्छन् । सामाजिक तथा धार्मिक सद्भाव नेपाली समाजको अनुपम चरित्र हो । त्यसैले जस्तोसुकै राजनीतिक व्यवस्था आओस् कि जाओस् नेपाली समाजमा कुनै आँच आएको देखिँदैन । मै हुँ भन्ने धर्म नमान्नेहरू पनि पलेटी मारेर समाजमा समाहित हुँदै पुजामा बस्न बाध्य हुन्छन् ।

हुन पनि सनातनीका सन्तानले विश्वमै अहिंसा र सहिष्णुताको पाठ पढाइरहेका छन् । सनातनी धर्मालम्बीहरू हिन्दु, बुद्धिष्ट, जैन, शिखहरू कसैकोमा गएर कहिल्यै आपसमा लडेनन्, आ-आफ्ना कला, संस्कृति अंकित सुन्दर मन्दिरहरू बनाए । एक अर्काकोमा पुज्न गए । सनातनीहरू जहाँ गए शान्ति दूत बनेर गए । प्रेम, शान्ति, दया, करूणा, प्रकृतिको संरक्षण सुखी स्वस्थ जीवन जिउने पद्धति प्रचार गरे । कसैसँग लड्नु अनि भिड्नु परेन । सबै मेरा हुन्, सबै ईश्वरका सन्तान हुन्, 'बसुधैव कुटुम्वकम्', 'सर्वे भवन्तु सुखिन:', 'असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्युर्मा अमृतगमय' भनिरहे ।

सनातनीहरूले हतियारको बलमा हैन आत्म ज्ञानबाट रूपान्तरण हुन्छ भन्ने शिक्षा दिँदै गए । कसैको आस्था हतियारको डर देखाएर वा धनको लोभ लालच दिएर परिवर्तन गरेनन् । सनातनी समाजमा त्यसैले बुद्ध जन्मिए, महावीर जन्मिए, गुरू नानक जन्मिए, कबिर जन्मिए, गान्धी जन्मिए । अनेक रिमिक्स पन्थहरू जन्मिदै छन् । यी सबै शान्तिका दूत हुन् ।

नेपाल सनातनीहरूको बलियो प्रभाव रहेको शान्ति क्षेत्र हो । यहाँको माटोले सबैलाई शान्तिको सन्देश दिन्छ । अहिंसाको सन्देश दिन्छ । सबैमा प्रेमको सन्देश दिन्छ । तर, पछिल्लो समय कथित नवधर्मालम्बीहरूले बिग्रह ल्याउने प्रयास गरेका छन् । मिलेर बसेको समुदाय र समाजलाई भाँड्ने, अन्य धर्म, जात र समुदायबीच झगडा गराउने, गर्न लगाउने, अरूको सम्मान नगर्ने, सामाजिक अपराध गर्न उक्साउने, जातजातिका नाममा गालीगलौच गर्ने र गर्न सिकाउने काममा उद्धत छन् । आज उनीहरूले राजनीतिमा पनि प्रभाव जमाउन खोजिरहेका छन् । राज्यका विभिन्न ओहोदामा पुगेकालाई अनेकन नाममा बदनामित बनाइरहेका छन् । आज समाजलाई जसरी पनि भाँड्ने योजनामा उनीहरू उद्धत देखिन्छन् ।

> *सनातनीहरू जहाँ गए शान्ति दूत बनेर गए । प्रेम, शान्ति, दया, करूणा, प्रकृतिको संरक्षणको पक्षमा उभिरहे । कसैसँग लड्नु अनि भिड्नु परेन । सबै मेरा हुन्, सबै ईश्वरका सन्तान हुन्, 'बसुधैव कुटुम्वकम्', 'सर्वे भवन्तु सुखिन:', 'असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्युर्मा अमृतगमय' भनिरहे ।*

आज किन कथित नवधर्मालम्बीहरूप्रति सम्मानको भाव छैन ? प्रष्ट छ- उनीहरूको शैली समाजलाई मिलाउने होइन, भाँड्ने खालको छ । सायद, त्यस्तैलाई देखेर होला कार्ल मार्क्सले पनि 'धर्म अफिम हो' भनेका रहेछन् ।

आज पनि सनातनीहरू सर्वे भवन्तु सुखिन र बसुधैब कुटुम्वकमको भावना विश्वभरी प्रशारण गर्दैछन्, फैलाउँदैछन् । अबको युग सनातनी पुनर्जागरण हो युग हो । जसले विश्वभरि सबैलाई मनले नै आकर्षित गरिरहेको छ । सनातनीले विश्वको आध्यात्मिक नेतृत्व गर्दैछ ।

इतिहासभरी सनातनीहरू अरू कुनै धर्ममाथि आक्रमण गर्न गएनन्, अरू धर्मको विरोध गरेनन् । युरोप, अमेरिका, अरबलगायतका मुलुकमा पुगेर लडेनन्, अतिक्रमण गरेनन् । अरू धर्ममाथि हतियार उठाएनन् । आफ्नै मुलुकमा नै बसे । परायाहरूको सम्पत्ति लुट्नका लागि आक्रमण गरेनन् । अरू सबै सनातन धर्म मास्न बाहिरबाट अतिक्रमण गर्न आए । जसले अरूलाई कुनै हानी पुर्‍याएन, उसको हानी पुर्‍याउन अरू किन उद्दत हुन्छन् ?

सनातन भनेको न आदि हो, न अन्त्य हो । अरूहरू आउँछन् र जान्छन् । भारतमा ८०० वर्ष मुसलमानले राज गरे र करिब २०० वर्ष ईसाई बेलायतले शासन गरे । तर, यति लामो अवधि राज गरेपनि सनातन व्यवस्थालाई निमिट्यान्न पार्न सकेनन् । हजारौं मन्दिरहरू ढाले, जबरजस्ती धर्म परिवर्तनको अभियान चलाए तर, असफ लबने । अहिले विश्वभरि सनातन मान्यताको प्रचार प्रसार तिव्र छ, संस्कृत भाषा लगभग सबै विकसित देशका विश्वविद्यालयमा पढाइन्छ । योग, ध्यान, साधना सबै देशमा अभ्यास गरिन्छ, सिकाइन्छ ।

विश्वभरिमा विभिन्न सनातनका पन्थबाट विकसित विभिन्न नामका आश्रमहरू खुलेका छन् । विश्वभरी विदेशी अन्य धर्मावलम्बी नागरिकहरूले राधेराधे, ब्रह्मकुमारी, ओशो, ईस्कोन, आर्ट अफ लिभिंग, साईबाबा, स्वामीनारायण, सद्गुरू, विवेकानन्द, सेवा, महेश योगी, योगी परमहंश, आर्य समाजजस्ता सनातनी दर्शनभित्रका नवपन्थहरूमा आबद्ध हुँदै विभिन्न अध्यात्म भक्तिको प्रचार गरिरहेका छन् ।

सनातनी समूदाय संगठित आस्था हैन, व्यक्तिको निजी मान्यता र संस्कार हो । यसमा व्यापक विविधता छ । कसैलाई जोरजबरजस्ति हुँदैन । ३३ कोटी देउता जसलाई जे मन लाग्छ माने पनि हुन्छ, रिलिजियस डाईभर्सिटी छ, सबैलाई स्वतन्त्रता छ । एकाघरभित्रै एउटाले महादेव, अर्कोले विष्णु, अर्कोले हनुमान, अर्कोले दुर्गा, वा अन्य कुनै पन्थ मान्न स्वतन्त्र हुन्छन् । कूल देउता र ईष्ट देउता पनि सबैका अलग-अलग हुन्छन् ।

हजारौं वर्षको विकासका कारण सनातनको जग र जरा बलियो छ । नसा नसामा भावना छ, संस्कार र व्यवहारमा गहिरो सम्बन्ध छ । जरा बलियो, गहिरो भएपछि यस्तो हुनेगर्छ । सनातनी आस्थाका कुनै न कुनै रूप विश्वव्यापी भइसकेको छ । अहिले भारतले नेतृत्व लिएर सनातन मूल्य मान्यतालाई पुनरोत्थान गरेर विश्वलाई चकित पार्दैछ । अहिले कैयन देशमा सनातनभित्रको हिन्दुहरू सरकार प्रमूख वा राष्ट्रप्रमूख बनिसकेका छन् ।

त्यसैले सनातनीले खासै चिन्ता लिनुपर्दैन । बामपन्थवादमय कारण नेपालमा केही सनातनीभित्र विग्रह आएको भए पनि यो वाद पनि विश्वबाट बिलिन हुँदैछ । सनातनको बिरोध गरेर कोही लामो टिक्दैन । बरू समर्थन गरेमा अरू पन्थको अस्तित्व जोगाइदिन, संरक्षण गर्ने र सम्मानित राख्न सनातनहरूले नै योगदान गर्नेछन् । इतिहासभरी यही गर्दै आएको हो ।

सनातनीहरू अरू सबै धर्म वा पन्थका अग्रज हो । अरू सबै यिनकै सन्तान हुन् । सन्तानसँग बाआमा झगडा गर्दैनन् । सन्तानले बाआमासँग झगडा गर्न सक्छन् तर, बाआमाले सन्तान अबुझ छ भनेर चित्त दुखाउँदैनन्, सहन्छन् । ऋग्वेदले भनेकै छ- एकं सद् विप्रा बहुधा वदन्ति । अर्थात्, एउटै सत्यलाई विद्वान अलग अलग रूपमा व्यक्त गर्छन् ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

राज्य सञ्चालनको शिखरमा बसेकाहरूकै मिलेमतोमा कानुन/कार्यविधि र कागज 'मिलाएर' भ्रष्टाचार/लुट गरिने अहिलेको नेपालको हालत परिवारको मूलीले नै चोरसँग सेटिङ गरेर चोरी हुने घरको हालत जस्तै हो । अब त घरको जगका इँटा-ढुङ्गा समेत चोरी गर्ने उपक्रम शुरु हुँदैछ ।




**- बद्रि विनोद**

सत्य वोल्ने साहस गर्नुस्, परिणाम भोग्ने शक्ति तपाईंभित्रै लुकेको छ, भ्रष्ट्राचारलाई पाँच वर्ष हदम्याद राखेर टुग्याउने छलफल गर्न सांसदहरूलाई कसले निर्देशन दियो ? देश लुटनेहरूलाई बचाउन कस्ले सिकायो ? बोल्नुहोस् माननीयहरू सत्य बोल्नुस् । टिकट जनताले दिएर जिताउछन् चिन्ता नगर्नुस्, सत्यबोल्नुस् ।



**- निर्मल प्रसाइँ**

हाम्रो देशमा नवाज शरिफ र बिलावल भुट्टोको कमी छैन, टेरामक्समा छन्, सुन तस्करीमा छन्, वाइडबडीमा छन्, बाँसबारी छालाजुत्ता जमिनको जमिनमा छन्, ललितानिवास किर्ते प्रकरणमा छन्, एनसेल करछलीमा छन्, क्यान्टोन्मेन्टमा छन्, सिंहदरबारमा छन् ! कमी मात्रै 'इमरान खान'को छ, को बन्ला इमरान ?



**- दिपेन्द्र डिसी**

सारा बेथितिका विरुद्ध बोल्दै निरन्तर व्यवस्था सबल बनाउन लागेको, जो आन्तरिक र बाहिर पनि लोकतन्त्रको खम्बा भएर उभिएको छ उसैलाई निरन्तर खेदेर आफ्नो हैसियत प्रमाणित गर्न खोज्ने हरूले त्यत्तिकै चर्को आवाजले आफ्नो केन्द्रीय समिति र पार्टीका मुख्य जिम्मेवारलाई प्रश्न सोधे हुने ।

# संसदका अर्थहीन बैठक

विचार



● तारा लामा तामाङ

संसद्को शून्य समय र विशेष समयमा उठाइएका विषयका कार्यान्वयनमा सरकारबाट पर्याप्त ध्यान दिइएको छैन । संसद्को 'रोष्ट्रम' र 'फ्लोर'बाट प्रत्येकले आफ्नो निर्वाचन क्षेत्रका समस्या, देशका जल्दाबल्दा विषयमा आवाज उठाएका हुन्छन् तर, यस्ता विषयलाई सरकारले कार्यान्वयन गर्ने प्रतिबद्धतासहित सकारात्मक जवाफ दिए पनि त्यसअनुरुपको काम विल्कुल भएको हुँदैन ।

खासगरी नेपाल-भारत सीमा विवाद, कञ्चनपुरका आरक्षपीडित, हुलाकी राजमार्गको निर्माणमा ढिलाइसमेतका समस्याका साथै, नदी कटान रोकथामजस्ता कञ्चनपुरका समस्या समाधानमा संसद्को शून्य र विशेष समयमा ध्यानाकर्षण पंक्तिकार स्वयम्बाट पनि उठेका छन् । तर, सरकारले समस्या समाधान गर्छौं पनि भन्छ, तर कार्यान्वयन भने गर्दैन् ।

आज जनप्रतिनिधिको थलो संसद्लाई बलियो बनाउनका लागि हुनुपर्ने गतिविधि भइरहेको छैन । संघीयताको मर्म र भावनाअनुरुप संसदका अभ्यास हुन सकेका छैनन् । संघीयताको ढाँचाअनुरुप तीनै तहका संरचनाको सहज सञ्चालनका लागि पर्याप्त ऐन, कानुन बनाउन सकिएको छैन । जनताको सर्वोच्च निकाय संसद्लाई कमजोर बनाउन नेताहरू लाग्नुहुँदैन । जनप्रतिनिधिको आवाज बोल्ने ठाउँ संसद्लाई बलियो बनाउने र जनताप्रति उत्तरदायी बनाउने काम नदेखिएको र कतिपय कामकारबाहीमा आफूअनुकूल व्याख्या हुने गरेको छ ।

संसद्, सरकार र न्यायपालिका (व्यवस्थपिका, कार्यपालिका र न्यायपालिका)लाई बलियो बनाउनुपर्ने भए पनि त्यसो भइरहेको छैन । संसद्लाई फलदायी ढंगले अगाडि लैजाने मुख्य भूमिका त सरकारकै हुन्छ, संसद्लाई व्यवस्थित र सघनरूपमा अघि लैजान योजनाअनुसार हिँड्न जरुरी छ । विषयगत समितिका काममा र समितिले दिएका निर्देशनमा पनि तदारुकता देखाउनुपर्ने देखिन्छ । संसद्को चालु अधिवेशनले सत्य निरुपणसमेतका कतिपय विवादित विधेयक सहमतिका आधारमा टुंगो लगाउने अपेक्षा गरेको छ । राष्ट्रिय महत्वका विधेयक पारित गर्न सकेमा संसद् र सांसदकै भूमिका बढ्ने हो । यसपटक सभामुख र दलका नेताहरूले संसद्लाई व्यवस्थित तुल्याउन कार्यसूची नै बनाएर अघि बढ्ने तयारी गरेका छन्, जुन निकै सकारात्मक पक्ष हो ।

मुलुकमा व्याप्त भ्रष्टाचार र बेथिति रोक्नेतर्फ यसको चुरो कुरामा ध्यान दिनुपर्नेमा त्यसमा कमी-कमजोरी भइरहेको छ । सरकारले भ्रष्टाचार नियन्त्रण र रोकथामका लागि गरिरहेका कारबाही सतहीमात्र भइरहेको हो कि भन्ने आशंका देखिन्छ । भ्रष्टाचार रोकथाममा पूर्वाग्रह राखेर, सत्ताको ' बार्गेनिङ' गर्ने काम हुन भएन । प्रष्टरूपमा परिणाम देखिनुपर्‍यो । देशको अहिलेको अवस्थालाई नीतिगतरूपमै आशलाग्दो हुनेगरी काम गर्नुपर्‍यो । विगतका सरकारले गरेका राम्रा र महत्वपूर्ण कामलाई पनि निरन्तरता दिनुपर्‍यो ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरूबीच कतिपय मुद्दामा आपसमा आरोप-प्रत्यारोप हुने गरेको विषयलाई स्वाभाविक मानिने भए पनि देश विकास एवम् समृद्धिका मुद्दामा दलहरू एक ठाउँमा आउन नसक्नु बिडम्बना हो । यद्यपि, दलहरू जनताको त्याग र बलिदानबाट प्राप्त वर्तमान संघीय व्यवस्था जोगाउने सवालमा एक भएका छन् । संविधान र व्यवस्थाविरुद्धका गतिविधि सफल हुँदैनन् भन्ने आम बुझाइ छ । दीर्घकालीन योजना, राष्ट्रिय महत्वका योजनाका साथै रोजगारी सिर्जनालाई प्राथमिकता दिनसके समृद्ध नेपाल बनाउन सकिन्छ । रोजगारी सिर्जनामा अहिले विशेष काम गर्नुपर्ने खाँचो छ । लाखौं युवा अहिले विदेशिनेक्रम बढेको छ । उनीहरूलाई नेपालमै अवसर छ भन्नेगरी आश्वस्त तुल्याउन सरकार र राजनीतिक दलहरूले विशेष ध्यान दिनु आवश्यक भइसकेको छ ।

विगतदेखि नै एउटा बहस निरन्तर हुँदै आएको छ, संघीय सांसदको काम देशका जल्दाबल्दा विषयमा सदनमा कुरा राख्ने, विधेयक पारित गर्ने, सरकार बनाउने मात्र हो कि आफ्नो निर्वाचन क्षेत्रको विकास निर्माणमा पनि ध्यान दिने हो ? यसमा केही अलमल छ । सदनमा प्रत्येक सांसदको दायित्व नीति निर्माणदेखि आफ्ना निर्वाचन क्षेत्रका विकास निर्माण र जनताका समस्याका बारेमा पनि निरन्तर जानकारी लिने र त्यसको समाधानमा लाग्नुपर्छ । सांसदले सरकार र जनताको पुलको काम पनि गर्नुपर्छ । जनतासँग जोडिन सकेनौं भने हाम्रो उपादेयता जनताले देख्दैनन् ।

*(लेख, कुराकानीमा आधारित छ ।)*

## तपाईंको राशिफल

मेष : नयाँ सम्बन्धमा वृद्धि र अर्काको सहयोग राम्रो रहनेछ ।

वृष : आय राम्रो हुनेछ । अनावश्यक कार्य गर्नु हुँदैन ।

मिथुन : वाहन चलाउँदा सावधानी राख्नुपर्छ । नयाँ सम्पर्क बढ्नेछ ।

कर्कट : अनावश्यक डरले सताउनेछ । जग्गासम्बन्धी कार्य सफल हुनेछ ।

सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ ।

कन्या : पद र प्रतिष्ठामा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।

तुला : दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ ।

धनु : रुकावटपछि सफलता प्राप्त हुनेछ । अनावश्यक तनावको योग छ ।

मकर : सामाजिक जीवन प्रभावशाली रहनेछ । लेनदेनमा सावधानी अपनाउनुहोला ।

कुम्भ : राजकीय कार्यमा वृद्धि हुन्छ । मुकद्मा सम्बन्धी समस्याको योग छ ।

मीन : पारिवारिक सहयोग राम्रो रहन्छ । कार्य सफल हुन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेपाली महिला समाज कतारको नेतृत्वमा लोक माया



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ माघ

नेपाली महिला समाज कतारको पाँचौं महाधिवेशन खुला र बन्द गरी दुई सत्रमा सम्पन्न भएको छ । खुला सत्र समाजकी अध्यक्ष सरिता पौडेलको अध्यक्षता तथा कतारका लागि नेपाली राजदूत नरेशविक्रम ढकालको प्रमुख आतिथ्यतामा अलत्तियामा रहेको फूलबारी रेस्टुरेन्टको सभा हलमा शुक्रबार सम्पन्न भएको हो ।

महाधिवेशनको बन्द सत्रबाट लोक माया केसी (माया)को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ । कार्यसमितिका पदाधिकारीहरूमध्ये प्रथम उपाध्यक्षमा सन्ध्या अर्याल, द्वितीय उपाध्यक्षमा सनोवर जहाँ, तृतीय उपाध्यक्षमा सुषमा खतिवडा कटुवाल, महासचिवमा मेनुका खतिवडा भण्डारी, सचिवद्वयमा कविता खत्री र शारदा भुजेल, कोषाध्यक्षमा दिपा सिंह र सहकोषाध्यक्षमा गीता पुन चयन भएका छन् । कार्यसमितिका सदस्यहरूमा उषा परियार, देवी मगर, सविता दाहाल, यास्मिन नाज, टौमाया गुरुङ, ममता रानाभाट, लीला राई, सोनी सुनुवार, ज्योति पन्थी, सुनिता कोइराला र राधिका परियार चयन भएका छन् । आगामी एक कार्यकालका लागि नवनिर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक क्रान्ति सिंहले पद तथा गोपनीयताको शपथ ग्रहण गराएकी थिइन् ।

महाधिवेशनको खुला सत्रमा कतारमा रहेका सामाजिक, सामुदायिक, वैचारिक, पत्रकार, सांगीतिक, साहित्यिक संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको आतिथ्यता रहेको थियो । विभिन्न संघ संस्थाका प्रतिनिधि तथा बौद्धिक व्यक्तित्वहरूले आफ्ना शुभकामना मन्तव्य राख्दै कतारमा रहेको महिलाहरूको एक मात्र सामाजिक संस्थाले गरेको कार्यसम्पादनको प्रशंसा गर्दै कतारमा रहेका सबै नेपाली महिलाहरूलाई संस्थामा आवद्ध भइ कतारमा नेपाली महिलाका हक हित र अधिकारका लागि एकताबद्ध भएर लड्न आग्रह गरेका थिए ।

महाधिवेशनमार्फत महिला समाजले विभिन्न समयमा आयोजना तथा सञ्चालन गरेका अभियान र कार्यक्रमलाई सफल बनाउन विभिन्न कोणबाट साथ सहयोग पुऱ्याउने सामाजिक संस्था, सहयोगीहरू र पत्रकारहरूलाई सम्मान गरिएको थियो । समाजले संस्थापक अध्यक्ष रेखा राईसहित सल्लाहकारहरूलाई दोसल्ला ओढाएर सम्मान गरेको थियो भने प्रमुख अतिथि ढकाललाई मायाको चिनोसहित दोसल्ला ओढाएर सम्मान गरेको थियो ।

आफ्नो शुभकामना मन्तव्य राख्दै महाधिवेशनका प्रमुख अतिथि ढकालले महिला समाजलाई १२ वर्षसम्म हिंडाउने सामाजिक मनप्रति आभार प्रकट गरे ि उनले महिलालाई हेर्ने दृष्टिकोण सकारात्मक बन्दै गइरहेको बताए । उनले भने, 'कुनै बेला महिला आफैंले मैले मेरो श्रीमानले जे भन्छ त्यही मान्नुपर्छ भन्ने चेतना बोक्ने गर्थे भने अहिलेका महिला हरेक क्षेत्रमा आफू पनि पुरुष सरहकै हक राख्छु भन्ने सकारात्मक सोचले अगाडि बढेका छन् ।' उनले पुरुषले महिलाबिना पुरुष मात्र नभइ राष्ट्र नै अपूर्ण रहन्छ भन्ने कुरालाई सकारात्मकरूपमा लिने गरेको बताउँदै कतारका नेपाली महिलाका हक हितका लागि दूतावास परिवार सदैव साथमा रहने प्रतिबद्धता व्यक्त गरे ।

महाधिवेशनमा समाजकी महासचिव अर्यालले सहजीकरणसहित २९ महिने लामो कार्यकालको कार्यप्रगति पेस गरेकी थिइन् । माया केसीले स्वागत मन्तव्य राखेको महाधिवेशनमा बार्बि खडका, आरजु राई, दिगिशा लामिछाने, आर्या रेग्मी र सानभि रिजालले स्वागत नृत्य राखेका थिए भने कोषाध्यक्ष सरिता चिलुवालले आयब्यय पेस गरेकी थिइन् । रेस्मी सुनुवार र मनिष गोस्वामीले आफ्नो गायनद्वारा उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए । आरोही थापा, दिया सिंह, प्रग्या न्युरे र समृद्धि सापकोटाले सामूहिक नृत्य पेस गरेका थिए ।

पाँचौं महाधिवेशनको खुला सत्रको समापन गर्दै अध्यक्ष भण्डारीले महिलाहरूलाई समाजमा जोड्न निकै सकस रहेको स्वीकार्दै सचेतनामूलक कार्यक्रम आयोजना गर्न पनि महिलाहरूको उपस्थिति अति न्यून हुने गरेको बताइन् । महिला समाजलाई कतारमा रहेका धेरै संघसंस्था र व्यक्तित्वहरूले साथ सहयोग गरेको बताउँदै सबैप्रति कृतज्ञता प्रकट गरिन् । 'नेपाली महिला समाजको चाहाना, एकता र सहयोगको विशुद्ध सामाजिक भावना' भन्ने मूल नाराका साथ सन् २०१२ मा स्थापित नेपाली महिला समाज कतारमा रहेका नेपाली महिलाहरूको साझा सामाजिक संस्था हो ।

## Kalika Municipality
## Office of Municipal Executive
**Redcrossgram, Chitwan**
**Bagmati Province**

### Invitation For Bids

**First date of publication: - 2080-10-28 (11th February, 2024)**

1. Kalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwaninvites electronic bids from eligible bidders for construction mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 015/Works/ NCB/ KM/080/081 | Different Roads Maintainance Work in Kalika Municipality | 120 days from the day of bid opening (must be valid up to 2081-03-26 (10th July, 2024) | 1,27,01,240.32 | 3,00,000.00 | 3,000.00 |
| 2 | 016/Works/ NCB/ KM/080/081 | Prithvi Ma. Vi. Tarfa Bata Buddhi Prasad Tiwari Ko Ghar Bato Kalo patrey sathai Basundhara padhya Ra Hirasinghako Ceemana dekhi Home bahadur ko ghar samma bato Uchhastharya, Kalika 7 | 120 days from the day of bid opening (must be valid up to 2081-03-26 (10th July, 2024) | 32,52,299.05 | 80,000.00 | 3,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa(Revene) Account, राजस्व शिर्षक नं: १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
Last Date of Bids Submission Date: Before 12 PM on 2080-11-29 (12th March, 2024)
Bids Opening Date: At 13:00 PM on 2080-11-29 (12th March, 2024)
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents attheKalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Invitation For Bids
## Bhume Rural Municipality
## Office of the Rural Municipal Executive
**Khabangbagar, Rukum (East)**
**Lumbini Province, Nepal**

### Invitation for Bids for the construction work under the below mentioned contracts:

**First Date of Publication: 2080/10/28 B.S (2024/02/11 A.D)**

1. Bhume Rural Municipality (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office BRMO Khabangbagar, Rukum (East) on or before 12:00 Noon on 2080/11/14 B.S (2024/02/26 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on 2080/11/14 B.S (2024/02/26 A.D) at the office of BRMO Khabangbagar, Rukum (East). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East ) reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Name of the Bank : Citizens Bank International Ltd., Bhume branch**
**Name of Office : Bhume Rural Municipality, Khabangbagar, Rukum(East)**

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 Bhume Ga.Pa Aantarik Rajaswa Khata | GA 3 Bhume Ga.pa. Dharauti Khata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Serawang-Bimalekh- Jhimka-Rangsi Road Construction | EGP/BRMO/SQ/ W-7/R/2080-81 | 14,40,000.00\|-(Fourteen lakh forty thousand only) | 1,000.00\|- (One thousand only) | 36,000\|- (Thirty six Thousand only) |
| 2 | Patawagahira-Lamalekh Krisi Road Construction | EGP/BRMO/SQ/ W-8/R/2080-81 | 9,60,000.00\|- (Nine lakh Sixty thousand only) | 1,000.00\|- (One thousand only) | 24,000.00\|- (Twenty four thousand only) |

**Chief Administrative Officer**


## मलेसियामा रोजगार | कम्पनी : RESTORAN NASI KANDAR SMA AMIN
शहर : Malaysia, Kedah

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६४७ LT. No.: 299633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 20 | 0 | स. काममा दक्ष | 1500 | ४१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३४८/०५९/०६०
**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
पो.ब.नं ५६४५, धुम्बाराही हाइट, विष्णुगल्ली, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: 01 4544928
Mobile: 9866298734 | 9761897444 | 9841338351
Email: newgurkhasintl@gmail.com./ Whats App No: +977 9866298734.

## साउदीमा रोजगार | कम्पनी : KHALID SALEH ALOTHEIM FOR SWEETS
शहर : Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८०/१०/०७ चलानी नं.: ६०२१३४५० L.T. No.: 298463 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Labor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1399/074/075
**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## कुबेतमा रोजगार | कम्पनी: LA VILLA CARE & SPA SALON AND INTERNATIONAL LADIES BEAUTY COMPANY
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६५० LT. No.: 299720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salon Worker | 0 | 7 | स. काममा दक्ष | 150 | ६४,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1328/074/075
**Excellent Manpower Services Pvt. Ltd.**
साविक: (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

# गाउँका युवाहरुलाई स्वरोजगार बनाउँदै भूमिकास्थान नगरपालिका

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २७ माघ

अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाले १ सय ४५ रोपनी बाँझो जग्गाको सदुपयोग गरी प्याज र गहत खेती गरेको छ। बाँझो जग्गामा खेतीसँग यहाँका बेरोजगार युवाहरु स्वरोजगार हुने भएका छन्।

नगरपालिकाले बढ्दो बसाइँसराई रोकथामका लागि चालु आर्थिक वर्षमा नगरपालिकाभित्र रहेका सबै बाँझो जग्गाको खोजी गरि बेरोजगार नागरिकहरुलाई रोजगारी दिने कार्यक्रम अघि बढाएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द आचार्यले बताए ।



आचार्यका अनुसार पूर्वाधार निर्माणको निरन्तरता सँगसँगै बाँझो रहेका जग्गाका धनीहरुसँग सम्झौता गरी पहिलो चरणमा प्याज र गहत खेतीको सुरुवात गरिएको हो। कर्मशील जनशक्ति परिचालनमार्फत उत्पादित वस्तुको बजारीकरण गर्ने, बेचबिखन गर्ने, बिक्रीबाट प्राप्त आयलाई नगरपालिकाको आन्तरिक आयखातामा जम्मा गरी सूचीकृत बेरोजगारहरु परिचालन गर्ने र सो वापत उनीहरुलाई पारिश्रमिक दिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत आचार्यले मध्याह्नलाई जानकारी दिए।

सूचीकृत विपन्न बेरोजगार जनशक्तिमध्ये १ सय जनालाई कर्मशील जनशक्तिमा परिचालन गरिएको नगरपालिकाका योजना शाखा प्रमुख हरिषचन्द्र भुसालले बताए। १० वटा वडा रहेको नगरपालिकाभित्र पहिलो चरणमा १ सय ४५ रोपनी जग्गा लिजमा लिएर काम शुरु गरिएको नगरपालिकाका अधिकृत शेषकान्त घिमिरेले बताए

घिमिरेका अनुसार प्याज खेती, गहत खेती शुरु गरिएको छ भने वडा नम्बर ९ ढिकुराको डेभा, वडा नम्बर ५ असुरकोट दुर्वाङ्ग, वडा नम्बर २ ढाकावाङ्ग खाकाबेसी र वडा नम्बर ७ को डुम्रिचौरमा यो अभियानको सुरुवात गरिएको र यो खेती निकै राम्रो भएको र कार्यक्रम प्रभावकारी भएकाले आफुले महसुस गरेको नगरप्रमुख झविलाल थापाले बताए।

दिन प्रतिदिन बढ्दो बसाइँसराई र बेरोजगारीको संख्या बढेकाले जिल्लाका ६ वटा पालिकामध्ये भूमिकास्थान नगरपालिकाले सञ्चालन गरेको बाँझो जमिनको सदुपयोग कार्यक्रमले निरन्तरता पाएमा कार्यक्रम प्रभावकारी हुने नगरपालिका वडा नम्बर ९ का किषान जीवन घिमिरे बताउँछन्। अर्घाखाँची जिल्लामा आन्तरिक स्रोत सबैभन्दा कम भएको नगरपालिका भूमिकास्थान नगरपालिका हो। जहाँ विकास निर्माणका कामहरू भने धेरै र गुणस्तरीय भएको स्थानीय बताउँछन्।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०६/१३ मा दर्ता भएको **प्रा लि नं १४०६३९/०७२/०७३** को **रिजन मल्टिपर्पोज इन्भेष्टमेन्ट प्रा.लि.**को मिति २०८०/१०/०१ मा सम्पन्न विशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: ज्ञानेन्द्र प्रसाद दाहाल, ईजाजत प्र.प.नं. ४२०, मोवाईल नं. ९८४१२२३०५४**


## ZERO COST RECRUITMENT Opportunity For Qatar !!!
## शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**COMPANY: TEYSEER SERVICES COMPANY**
**कम्पनी : टेसर सर्भिस कम्पनी**

Pre Approval Date : 2024-02-01
पूर्व स्वीकृति मिति : २०८०/१०/१८
LT. No.291022
एल टि न. २९१०२२
चलानी नं. ६०२०६२१४
Invoice No. 60206214

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clerical | 1 | 0 | 2100.00 | ७६,५५३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 4 | 0 | 1500.00 | ५४,६८० | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1900.00 | ६९,२२६ | | | | | | | |
| 4 | LABOUR | 10 | 0 | 1000.00 | ३६,४५३ | | | | | | | |
| 5 | SUPERVISIOR | 2 | 0 | 2500.00 | ९१,१३४ | | | | | | | |
| 6 | Technician | 5 | 0 | 1100.00 | ४०,००९९ | | | | | | | |
| 7 | waiter | 4 | 0 | 1400.00 | ५१,०३५ | | | | | | | |

**The interview will be conducted in the office on 12/13 Feb , 2024.**
**अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ र फागुन १ गते हुनेछ ।**

**नोटः आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने रोजगारदाताले ब्यहोर्ने
How much is the Service Fee and who will bear it By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

**Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं । पुरुष आवेदकको उमेर कम्तीमा पनि २१ देखि ३८ तथा महिला आवेदकको उमेर कम्तीमा पनि २२ देखि ३८ सम्म हुनुपर्ने छ ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmationfirm that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile:9802356847, 9863194839, 9802356846, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## साउदीमा रोजगार

कम्पनी : **AAMAL AL SHAMEL INDUSTRIAL FACTORY**
कम्पनी : **Saudi Arabia, Riyadh**

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६४८ LT. No.: 299679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : **FATIMA MOHAMMED MOHEWN AL TAMIMI BREAD BAKERY** कम्पनी : **Riyadh**

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६४९ LT. No.: 299680

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०,सामाखुशी, काठमाडौं, नेपाल, फोनः ४९५८७८६, ४९८५३७३


**Karnali Province Government**
**Ministry of Physical Infrastructure And Urban Development**
**Infrastructure Development Directorate**

# Infrastructure Development office

**Dailekh**

## Invitation for Bids

**Date of First Publication: 2080/10/28 (11th Feb, 2024)**

1. Infrastructure Development Office (IDO), Karnali Province, Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name of project | Estimated Amount without VAT and Contingencies (NRs. | Bid Validity /Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|---|
| 1. | IDO/Dailekh/W/ NCB/27/080-081 | Construction of Andheri khola Bridge Approached Road ChamundaBindrasainin-Thatikandh Road, Dailekh | 30,79,116.27 | 90 Days/120 Days From Bid Openning Date | 90,000.00 | 3000 |
| 2. | IDO/Dailekh/W/ NCB/29/080-081 | Kidkijiula Dekhi 5 no Ward Karyala Jodne sadak Nirman, Aathabis Municipality, Dailekh | 34,23,691.00 | | 96,000.00 | |
| 3. | IDO/Dailekh/W/ NCB/ BRG/28/080-081 | Taraghad Khola Motorable Bridge Mahabu Gaunpalika, Dailekh | Average annual Construction Turnover of best 3 years within the last 10 years (Nrs.19800000.00 | 120 and 150 days from bid opening date respectively | 11,80,000.00 | 5000 |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Name of the Bank: Rastriya Banijya Bank — Revenue Account Number: 10002000100006
   Name of Office: Infrastructure Development Office — Rajaswo Shirshak (revenue) Number: 14229 Dailekh
   Security Account Number: 4010100202030000 — Office Code Number: 3370167016
